Sub.Code : 0061 'E'

# NEB - GRADE XII

## 2081 (2024)

## सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा

## (नयाँ पाठ्यक्रम)

(रजिष्ट्रेशन नम्बरका शुरुका दुई अङ्क ७८, ७९ र ८० भएका साधारण धारतर्फका नियमित तथा ग्रेडवृद्धि परीक्षार्थीहरूका लागि मात्र)

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*समय : ३ घण्टा* *पूर्णाङ्क : ७५*

**सबै प्रश्नको उत्तर दिनुहोस् ।**

### समूह 'क'

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु** [११×१=११]

१. सामाजिक अध्ययनको एक प्रमुख उद्देश्य उल्लेख गर्नुहोस् ।

२. पाश्चात्य चिन्तनमा 'पुनर्जागरण युग'लाई 'प्रबोध युग' वा 'ज्ञानोद्दीपन युग' भनिन्छ, किन ? एक वाक्यमा लेख्नुहोस् ।

३. तपाईंले सामाजिक अनुसन्धानबाट प्राप्त गरेको तथ्याङ्कलाई चित्रात्मक प्रस्तुतिमा किन सहज मान्नुहुन्छ ? आफ्नो अनुभव एक वाक्यमा लेख्नुहोस् ।

४. तपाईं अध्ययन प्रस्तावना संरचनाको कुन पक्षलाई सबैभन्दा महत्त्वपूर्ण ठान्नुहुन्छ ? आफ्नो तर्क कारणसहित एक वाक्यमा उल्लेख गर्नुहोस् ।

५. 'दिव्योपदेश' को अर्थ एक वाक्यमा लेख्नुहोस् ।

६. तपाईं आफ्नो विद्यालय वा समुदायमा रहेका अपाङ्ग व्यक्तिको सहज जीवनयापनका लागि कसरी सहयोग गर्नुहुन्छ ? आफ्नो भूमिका एक वाक्यमा उल्लेख गर्नुहोस् ।

७. तपाईंको सार्वजनिक महत्त्वको विषय सम्बन्धि सूचनाको हक हनन् भयो भने, उक्त विषयमा सूचनाको हक पाउने अधिकारलाई कसरी उपयोग गर्नुहुन्छ ? एउटा प्रक्रिया उल्लेख गर्नुहोस् ।

८. स्वेच्छिक बसाईंसराईको अर्थ एक वाक्यमा उल्लेख गर्नुहोस् ।

९. दिगो विकास लक्ष्यको एक प्रमुख विशेषता उल्लेख गर्नुहोस् ।

१०. तपाईंको नातेदार वा चिनजानको कोही व्यक्ति रोजगारीका लागि विदेश जादैं हुनुहुन्छ, उहाँले सुरक्षित आप्रवासनका लागि के गर्नुपर्ला ? आफ्नो सुझाव एक वाक्यमा उल्लेख गर्नुहोस् ।

११. शिक्षाले सामाजिक परिवर्तनमा पार्ने प्रभाव एक वाक्यमा उल्लेख गर्नुहोस् ।

### समूह 'ख'

**संक्षिप्त उत्तरात्मक प्रश्नहरु** [८×५=४०]

१२. 'बौद्धिक चोरी न्यूनीकरणका लागि भएका प्रयासहरू' शीर्षकमा एक सम्पादकीयको नमूना तयार पार्नुहोस् ।

dibashmagar123.com.np

**अथवा**

'सामाजिक अध्ययन-अनुसन्धानमा तथ्याङ्क तथा सूचनाको औचित्य' शीर्षकमा एक सम्पादकीयको नमूना तयार पार्नुहोस्।

१३. असल व्यक्तित्व विकासमा दर्शनको महत्त्व पाँच बुँदामा प्रस्ट पार्नुहोस्।

१४. तपाईंको दैनिक जीवनलाई भू-सूचना प्रणालीको प्रयोगले कसरी सहज बनाएको छ ? तपाईंले प्रयोग गरेको एक भू-सूचना प्रणालीको उपयोगको आधारमा आफ्नो अनुभव चार बुँदामा प्रस्ट पार्नुहोस्। १+४

१५. 'नेपाल-अङ्ग्रेज युद्ध (वि.सं. १८७१-१८७३) नेपालको तत्कालीन राजनीतिक परिस्थितिको उपज हो।' समीक्षा गर्नुहोस्।

१६. नेपाली समाजमा वर्ग विभाजनका पाँच प्रभावहरू उल्लेख गर्नुहोस्।

१७. नेपालको संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहका दश साझा अधिकारको सूची तयार पार्नुहोस्।

१८. नेपालमा नगरपालिका घोषणाका आधारलाई शहरीकरणको मापदण्ड मानिएको सन्दर्भमा व्यवस्थित शहरीकरणको अवधारणा विकास गर्न के गर्नुपर्ला ? आफ्ना सुझावहरू पाँच बुँदामा उल्लेख गर्नुहोस्।

१९. शिक्षामा पहुँच र समावेशीताले नेपाली समाजमा परेको सकारात्मक प्रभाव पाँच बुँदामा स्पष्ट पार्नुहोस्।

**अथवा**

शिक्षा र मानव संशाधन एक अर्काका परिपूरक हुन्। उदाहरणसहित प्रस्ट पार्नुहोस्।

## समूह 'ग'

**विस्तृत उत्तरात्मक प्रश्नहरु** [३×८=२४]

२०. समालोचनात्मक चिन्तन बौद्धिक जीवनोपयोगी सीप मानिन्छ। नेपाली समाजमा समालोचनात्मक चिन्तनको अभ्यास समीक्षा गर्दै यो जीवनोपयोगी सीपलाई अझ 'बौद्धिक सीप' बनाउन के गर्नु पर्ला ? आफ्ना विचार प्रस्तुत गर्नुहोस्।

२१. नेपालमा प्रादेशिक अन्तरसम्बन्धले प्रदेशहरूको आर्थिक र सामाजिक परिवर्तनमा पार्ने चार/चार सकारात्मक प्रभावहरू उदाहरणसहित प्रस्ट पार्नुहोस्। ४+४

**अथवा**

तपाईं बसोबास गर्नुभएको प्रदेशको भौगोलिक अवस्थाले त्यहाँको आर्थिक गतिविधि र जनसाङ्ख्यिक वितरणमा पारेको प्रभाव वर्णन गर्नुहोस्। ४+४

२२. नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई समयानुकुल बनाउँदै अधिकतम आर्थिक लाभ लिन के गर्नुपर्ला ? आफ्नो विचार समेटी परराष्ट्र मन्त्रीलाई एक चिठी लेख्नुहोस्।



dibashmagar123.com.np